प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# घरेलु तथा साना उद्योग कार्यालय
कोशी प्रदेश
इलाम, नेपाल

प.स. ०८१/०८२
च.न १००

## प्रविधि (मेशिन उपकरण ) सहयोग प्रस्ताव/निवेदन आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/१३ गते)

यस कार्यालयको आ.ब. ०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई इलाम जिल्ला भित्र सन्चालनमा रहेको लघु/घरेलु/साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/सन्चालन क्षमता बृद्धिको लागि आवश्यक पर्ने प्रबिधि (मेशिन उपकरण) तपशिल बमोजिमको प्रविधि (मेशिन उपकरण ) सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता रहने गरी प्रविधि सहयोग कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्योगीहरुले निवेदन दस्तुर रु.१००।– तिरेको नगदी रसिद सहित प्रविधि (मेशिन, उपकरण ) सहयोग कार्यबिधि २०८० को अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिल बमोजिमका कागजात र विवरण सहित प्रस्ताव/निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**प्रविधि सहयोग कार्यक्रमहरु :**

| क्र.स. | कार्यक्रमको नाम | सहभागी हुन पाउने उद्योगको प्रकार/समुदाय /लक्षीत समुह वा वर्ग | कैफियत |
|---|---|---|---|
| १ | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | सबै प्रकृतिका उद्योगहरु | |
| २ | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चापदार्थ प्रयोग भएका उत्पादनमा आधारीत उद्योगहरु | |
| ३ | बेरोजगार यूवा तथा वैदेशिक रोजगारवाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | बेरोजगार युवा तथा बैदेशिक रोजगारबाट फर्किएर आएका जनशक्तिबाट सन्चालित उद्योगहरु | |
| ४ | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत ज्ञान, सिप र प्रविधिमा आधारीत उद्योगहरु | |
| ५ | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समूदायबाट सन्चालित उद्योगहरु | |
| ६ | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | बिपन्न वा सिमान्तकृत समुदायबाट संन्चालन भएको भनि सम्बन्धित स्थानिय तह द्वारा सिफारिस भएका उद्योगहरु | |

अधिकृत छैठौं

टेलिफोन ०२७-५२३०२३, मोबाइल ९८५२६८६०२३, Email : ilamcsidb@gmail.com

चुलाचुली गाउँपालिका
दर्ता नं.: २१२
दर्ता मिति: २०८१/५/१५

सलग्न गर्नुपर्ने कागजातहरु :-

१. उद्योग, दर्ता नविकरण अध्यावधिक भएको प्रमाणपत्रको प्रतिलिपि

२. स्थाइ लेखा पान नं प्रमाणपत्र र आ.ब. ०८०/०८१ को करचुक्ता प्रमाणपत्र को प्रतिलिपि

३. सम्बन्धित बिषयमा तालिम लिएको भएमा तालिमको प्रमाणपत्रको प्रतिलिपि

४. बिगत ३ बर्ष भित्र कुनैपनि सरकारी निकायबाट प्रविधि खरिदका लागि कुनैपनि अनुदान लिएको छैन भनि गरेको स्व: घोषणापत्र । (कार्यालयमा ढाँचा उपलब्ध हुने छ)

५. सम्बन्धित वडाको वडा सिफारीस।

६. लक्षीत बर्ग, समूदाय, समुह प्रमाणीत हुने कागजात वा प्रमाण

७. उद्योगीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

८. निवेदन दस्तुर रु १००।– तिरेको नगदी रसिद । (कार्यालयमा उपस्थित भई रसिद लिनुपर्ने छ)

(नोट : निवेदन फाराम कार्यालयबाट प्राप्त हुने छ । प्रविधि माग गर्दा जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही कार्यक्रमको लागि मात्र प्रस्ताव/निवेदन पेश गर्नुपर्ने छ । थप जानकारीको लागि टेलिफोन नं. ०२७-५२३०२३, सुचना अधिकारी ९८५२६८६०२३, निरोज राई ९८६१५७८७५४, किरण कार्की ९८५२६२९७५९ मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ )

२०८१/५/१२

..........................

नि.कार्यालय प्रमुख